नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

प्रकाशित मितिः २०७६/०९/१७

**विएस्सी फरेष्ट्री (B.Sc.Forestry) विषयमा नि:शुल्क तथा आंशिक छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त माग सम्वन्धी अत्यन्त जरुरी सूचनाः**

प्राप्त B.SC.Forestry विषयहरूमा अध्ययनका लागि ५ सीट छात्रवृत्ति प्राप्त भएकोमा छात्रवृत्ति सम्बन्धी नियमावली २०६० अनुसार योग्यताक्रम कायम गर्नुपर्ने भएकोले देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिएको छ ।

१) दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क) त्रिभुवन विश्विविद्यालय अन्तगर्तको वन विज्ञान अध्ययन संस्थान पोखराले २०७६ सालमा सञ्चालन गरको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई न्यूनतम् ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) दरखास्तका लागि तोकिएको समूह तथा सिट :

ख १. साधारण समूहमा ३ सिट

ख २. आरक्षण समूहः महिला १ र जनजाति १

२) दरखास्त दिने म्यादः मिति २०७६ साल पुस १८ शुक्रबार देखि २०७६ साल पुस २५ गते शुक्रबारसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलमा दरखास्त दिन सकिने छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैङ्क ठमेल शाखा वा केशरमहल छात्रवृत्ति शाखा परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर समेत संलग्न राखी छात्रवृत्ति शाखामा बुझाउनु पर्नेछ ।

४) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- त्रिभुवन विश्वविद्यालय अन्तगर्तका वन विज्ञान अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- १० + २ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रबाट प्रतिशत खुलाएको पत्रसमेत पेस गर्नुपर्ने छ ।
- SLC/SEE को मार्कसिटको प्रतिलिपि
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

**ख. सामुदायिक विद्यालय (Community School Group) तर्फको आरक्षण समूहः**

- विपन्नताको सिफारिसः सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाणसमेत ३ वटै प्रमाण पेश गर्नसक्ने उम्मेदवारका लागि मात्र

- ❖ यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरूले माथि साधारण समूह (General Group)का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नुपर्नेछ ।

१) SLC उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी सम्बन्धित स्थानीय निकाय वा जिल्ला शिक्षा विकास समन्वय इकाइले प्रदान गरेको सिफारिस पत्र

२) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची १ अनुरुपको ढाँचामा मिति २०७६ साल पुस १८ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७६ पुस २५ गतेभित्र सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।

३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

  - जनजातिको सिफारिस : आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकाय

**ग. अन्य विद्यालय (Other School Group) तर्फको आरक्षण समूह**

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले माथि General Group साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं ३ मा तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति र १/१ प्रति छायाप्रति (Photocopy) पेश गर्नुपर्ने छ ।

६ योग्यताक्रमः

रीतपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुको वन विज्ञान अध्ययन संस्थान पोखराले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाणसमेतका अधारमा नियमानुसार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गरिने छ ।

७. विपन्नताको सिफारिसः यसै सूचनासाथ संलग्न ढाँचाको विपन्नताको सिफारिस मिति २०७६ साल पुस १८ गते मिति २०७६ साल पुस २५ गते अन्तिम दिनसम्ममा सम्बन्धित व्यक्ति बसोबास गरेको गा.वि.स.÷न.पा.÷उपमहानपालिका वा महानगरपालिकाको सिफारिस पत्रमा आधिकारिक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ । अन्यथा दरखास्त आरक्षण तर्फ अस्वीकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

पुनश्चः आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिने छ । म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**विपन्नताको ढाँचा (सम्बन्धित निकायको लेटरप्याडमा)**

अनुसूची-१ख.
९नियम १३क. को )उपनियम (३) सँग सम्बन्धित)

....................................................

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल, काठमाडौं

विषय - विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ........... जिल्ला ................ गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ......................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः